## खरिदार वा सो सरह पदको परीक्षा भवन कायम गरिएको सूचना

**सूचना नं. ८१/०७९-८०, मितिः २०७९/०८/०८**

लोक सेवा आयोग जलेश्वर कार्यालयको विज्ञापन नं. **११३१०-११३१६/०७७-७८ (संयुक्त र एकीकृत),** खुला तथा समावेशी, रा.प.अनं. द्वितीय श्रेणी (अप्राविधिक) **खरिदार वा सो सरह** पदको मिति **२०७९ असोज ८** गते **लाहान** परीक्षा केन्द्रमा सञ्चालन भएको प्रथम चरणको प्रतियोगितात्मक लिखित परीक्षामा उत्तीर्ण सम्पूर्ण उम्मेदवारहरूको दोस्रो चरणको प्रतियोगितात्मक लिखित परीक्षा पूर्व निर्धारित कार्यक्रमानुसार निम्न मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**परीक्षासम्बन्धी कार्यक्रमः**

| सि.नं. | विज्ञापन नम्बर | सेवा, समूह | पत्र | विषय | लिखित परीक्षा मिति र समय |
|---|---|---|---|---|---|
| १ | ११३१०-११३१६/०७७-७८ (संयुक्त र एकीकृत), खुला तथा समावेशी | संयुक्त र एकीकृत | द्वितीय पत्र | कार्यालय व्यवस्थापन | २०७९ मंसिर २३ गते दिनको २:०० बजे |
| २ | | | तृतीय पत्र | कार्य ज्ञान सम्बन्धी | २०७९ मंसिर २४ गते दिनको २:०० बजे |

**लाहान केन्द्र राख्ने परीक्षार्थीहरूका लागि परीक्षा भवनसम्बन्धी विवरण**

| क्र.सं. | रोल नम्बर | | संख्या | परीक्षा भवन |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १ | २१०००१ | २१०६१५ | २०० जना | श्री रोयल सफ्टेक कलेज, लाहान "क" केन्द्र |
| २ | २१०६१६ | २११४२८ | २०० जना | श्री रोयल सफ्टेक कलेज, लाहान "ख" केन्द्र |
| ३ | २११४३७ | बाँकी सबै उम्मेदवार | २१५ जना | श्री ल.ल.कु. मा.वि., लाहान केन्द्र |

**द्रष्टव्यः**

- प्रवेशपत्र बिना परीक्षामा सम्मिलित नगराइने हुँदा अनिवार्यरूपमा प्रवेश पत्र साथमा लिई परीक्षा सञ्चालन हुनुभन्दा **१ घण्टा अगावै** परीक्षा केन्द्रमा आईपुग्नु पर्नेछ।
- परीक्षार्थीले परीक्षा केन्द्रमा आउदा **सक्कलै नागरिकताको प्रमाणपत्र** वा सरकारी कार्यालयबाट जारी भएको फोटोसहितको कुनै एक सक्कलै प्रमाण पत्र अनिवार्यरूपमा आफूसाथ लिई आउनु पर्नेछ।
- उत्तर पुस्तिकामा **कालो मसी** मात्र प्रयोग गर्नुपर्नेछ ।
- परीक्षा भवनमा मोवाइल फोन तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरू निषेध गरिएको छ ।
- तोकिएको परीक्षा भवन बाहेक अन्य परीक्षा भवनहरूमा कुनै पनि उम्मेदवारलाई सम्मिलित गराइने छैन ।

- आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन।
- **प्रवेश पत्रको प्रतिलिपि आवश्यक परेमा आयोगको जलेश्वर कार्यालयमा एक दिन अगावै सम्पर्क गर्नुपर्नेछ ।**

संक्रमणको विशेष अवस्थामा परीक्षा सम्बन्धी मापदण्ड (सञ्चालन तथा व्यवस्थापन), २०७७ अनुसार परीक्षार्थीले पालना गर्नुपर्ने विषयहरू:

- परीक्षा केन्द्रमा प्रवेश गर्नुअघि उम्मेदवार स्वयम्ले माक्स, स्यानिटाइजर तथा आफ्नो लागि खानेपानीको व्यवस्था गर्नुपर्ने।
- उम्मेदवारले परीक्षा केन्द्रमा प्रवेश गर्दा र निस्कदा अनावश्यक भिडभाड नगर्ने।
- परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्ने।
- परीक्षार्थीहरू परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कँदा, शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरिकन दुरी कायम गरी क्रमसँगै तोकिएको स्थानमा जानुपर्ने।
- **कोभिड-१९ बाट संक्रमित परीक्षार्थीले परीक्षामा सम्मिलित हुनुभन्दा एक दिन अगावै कार्यालयको फोन ०४४-५२०१४७ मा अनिवार्य जानकारी गराउनु पर्नेछ।**

(कृष्णराज गिरी)
नायव सुब्बा

(कुलप्रसाद सापकोटा)
उपसचिव